Vol. 6, No 1, 2023 (September) 123-130
**Medha, A Multidisciplinary Peer Reviewed Research Journal**
Publisher: Mahendra Morang Adarsha Multiple Campus, Biratnagar, Nepal

# कालीपारे दाइ कति राम्रो गीतको सन्दर्भ विश्लेषण

रेखा रेग्मी
म्याग्दी बहुमुखी क्याम्पस, बेनी
नेपाली तथा नेपाली शिक्षा विषय समिति
ईमेल : rekharpaudel@gmail. com

**लेखसार**

प्रस्तुत लेख कालीपारे दाइ कति राम्रो गीतको सन्दर्भ विश्लेषण मूलसमस्यामा केन्द्रित छ भने यसको विश्लेषण गीतमा विद्यमान वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भका आधारमा भएको छ। गुणात्मक अनुसन्धानविधि र पाठविश्लेषण ढाँचामा तयार हुने यस लेखमा विश्लेषणविधिको उपयोग भएको छ। सङ्कथन अध्ययनअन्तर्गत सन्दर्भ विश्लेषण यस लेखको सैद्धान्तिक आधार हो। पाठनिष्ठ अर्थ निर्धारणका लागि लेखकले अभिव्यक्तिका माध्ययमबाट वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भको सहयोग लिएको हुन्छ। धर्मराज थापाको लेखन तथा तारादेवीको आवाजमा स्वराङ्कन भएको कालीपारे दाइ कति राम्रो शीर्षकको गीति सङ्कथनमा वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भको प्रभावकारी संयोजन भएको छ। वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा देखादेखी हुँदा पनि बिचमा बग्ने कालीगङ्गाका वारिपारि भै रहनुपरेको परिस्थितिमा सँगै बस्न नपाउँदाको समाख्याताको मनको तुलबुली र कारकका रूपमा जवानीको चढ्दो अवस्थाका प्रेमिल अनुभूति गर्ने समाख्याताको भूमिका सशक्त छ। समाख्याताका रूपमा उपस्थित नायिकामा अनुरक्ति जगाउने 'ढाकाटोपी र काँधमा गलबन्दी'ले सजिएका नायकको भूमिका नेपथ्यमा छ। गीतको वैयक्तिक सन्दर्भ प्रेममय भावनाले वशीभूत पर्दाको स्थितिवर्णनमा केन्द्रित छ। गीतको संज्ञानात्मक सन्दर्भ बयली खेल्दै खोली तरेर भेट्न पुग्दा पनि मन पर्ने मान्छेसित मन खोल्न नसक्नाको कारणसँग सम्बन्धित छ। गीतले समाख्याता र उसको नेपथ्यमै रहेको नायक वारिपारि हुनाले राम्रो लागेर अनि रहर गरेर पनि 'भेट होला कि'भन्दै पर्खँदै आफ्नो जूनी बितेको अभिव्यक्तिका साथ समाख्याताको मनले भोग्न नपाएको प्रेमको कुण्ठामा असमञ्जस्यको स्थिति रहेको भावलाई सन्दर्भसँग सम्पृक्त गरेको छ। भौतिक सन्दर्भका रूपमा जवानीमा नारी-पुरूष परस्पर प्रेमजन्य भावनामा पर्ने अवस्था, क्रियाकलाप र प्रेमको भोगका खातिर मनमा पैदा हुने इच्छा एवम्म् उक्त रहरको नैसर्गिक पूर्ति सहज हुन नपाउँदाको अवस्थालाई प्रस्तुत गरिएको छ। संज्ञानात्मक सन्दर्भका रूपमा कुनै पनि सामाजिक/सांस्कृतिक कारण बिना नै एक्लिएको समाख्याताको मानसिकतामा रहेको मानसिक उद्वेलनको प्रभावकारी चित्रण भएको विषयमा विमर्श भएको छ।

*शब्दकुञ्जी :* वैयक्तिक, संज्ञान, समाख्याता, एकालापी, मनोवादात्मक

**Article Information**

Manuscript received: May 15, 2023; Accepted: May 25, 2023

**विषयप्रवेश**

प्रस्तुत गीत "काली पारे दाइ कति राम्रो गीतको सन्दर्भ विश्लेषणसँग सम्बन्धित छ। यस लेखका लागि चयन भएको गीत रेडियो नेपालमा स्वराङ्कन भई प्रसारण भएको सङ्कथन हो। प्रस्तुत गीतकी गायिका रेडियो नेपाल र गायिका तारादेवी सुगम सङ्गीतका क्षेत्रमा पूरक नाम हुन्। वि.सं २००२ माघ २ गते काठमाडौं ईन्द्रचोकमा कृष्णबहादुर कार्कीकी पत्नी राधादेवीको कोखबाट जन्मेकी तारादेवीले पाँच वर्षको उमेरदेखि रेडियो नेपालको बाल कार्यक्रममा आबद्ध रही साङ्गीतिक यात्रामा प्रवेश गरेकी थिइन्। अनवरत रूपमा बालगीत, राष्ट्रिय गीत, भजन र सुगम सङ्गीत गायनमा समर्पित रही ३० बर्षसम्म रेडियो नेपालको सेवाबाट अवकाशप्राप्त कलासाधक हुन्। नेपाली गीतिक्षेत्रमा स्वरकिन्नरी एवम्म् नेपाली नाइटिङ्गेल उपनामले सम्मानित यी गायिकाको उपस्थितिले नेपालको साङ्गीतिक आकाश ओजपूर्ण बनेको छ। आफ्नो आवाजमा ४ हजारभन्दा बढी गीतमा सुमधुर स्वर दिएकी तारादेवीका सदाबहार गीतका रूपमा फूलको थुँगा बहेर गयो, सोचेजस्तो हुन्न जीवन, फूलैफूलको मौसम तिमीलाई, निर्दोष मेरो पछ्यौरीमा, ए कान्छा ठट्टैमा, वनमा फुल्यो फूलैफूल, गीतकार चाँदनी शाहको उकाली ओरालीहरूमा लगायत कालजयी सुमधुर गीत नेपाली गीतसङ्गीत पारखीहरूका मुटुमा धड्कन बनी गुञ्जिई रहेका छन्। यिनको तारादेवीका गीतहरू एल्बममा सङ्ग्रहित सदाबहार "कालीपारे दाइ कति राम्रो" बोलको गीत रेडियो नेपालमा स्वराङ्कन भई श्रोता सामु आएको हो। प्रस्तुत गीतमा समाख्याताका रूपमा चयन गरेको युवतीको एकालापी कथनका रूपमा प्रेमी टाढा हुनाले भेट हुने आशमा कुर्दै एक्लो र असमञ्जस अवस्था भेल्नुपरेको, समाख्याता युवतीले तृतीय पुरूष कालीपारे दाइका रूपमा सम्बोधित नायकसँगको प्रेमको अभिव्यक्ति गर्ने अभिलाषा अधुरो भएको तथा मनका कुराले प्रकट गर्न सङ्कोच हुँदा भएका छटपटी र अन्यौंल अनि व्यावहारिक कर्तव्यको भमेलामा अल्भिइरहनुपरेको परिस्थिति देखाई द्विपक्षीय सन्दर्भको समन्वयात्मक प्रस्तुतीकरण गरी संरचनाको निर्माण भएको छ। समाख्याताका रूपमा उपस्थित प्रेमिकाले नायकप्रति सिर्जना गरेको समर्पणको भावना र अतिशय अनुरागको परिवेश एवम्म् प्रेमिकाले भावनात्मक अनुभूतिलाई अभिव्यक्त गर्नै नसकेको सन्दर्भमा उत्पन्न मनोगत उकुसमुकुस अनि नायक भने यी तमाम परिस्थितिबारे बेखबर विरोधाभाषूर्ण सन्दर्भको संयोजनबाट गीतको संरचना भएको छ।

सन्दर्भ कुनै पनि पाठको संरचना भाषिक अभिव्यक्तिका रूपमा रहने र सङ्कथन अध्ययन भाषिक प्रकार्यको अध्ययन भएकाले भाषिक प्रकार्य वा अभिव्यक्तिले दिने अर्थ र परिवेशमा समायोजित भएको हुन्छ। पाठमा आएको भाषाले सन्दर्भलाई प्रस्तुत गर्ने र सन्दर्भमा पाठको अर्थ समावेश रहने हुँदा भाषिक प्रकार्यको अध्ययनका माध्यमबाट पाठमा केकस्तो सन्दर्भ समायोजित भएर आएको हुन्छ तथा त्यस्तो सन्दर्भले केकस्तो पाठगत अर्थ संवहन गरेको छ भनी अध्ययन गरिन्छ। सर्जकले भाषिक अभिव्यक्तिका माध्ययमबाट पाठनिष्ठ अर्थ निर्धारणका लागि वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भको सहयोग लिएको हुन्छ। प्रस्तुत "कालीपारे दाइ कति राम्रो" शीर्षकको गीत सङ्कथनमा वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा गहिरो भावनात्मक लगाव दर्शाएर नायकसित नजिकिन खोजेको समाख्याताको मन प्रेरक तथा बाह्य परिस्थितिगत अन्यौंल,व्यवहारिकताले पारेका अलमल र दिएका सकस तथा नायिकाको भावनात्मक कोमलतालाई तटस्थ हेर्ने अमुक नायक कारकका रूपमा प्रस्तुत भएका छन्। भौतिक सन्दर्भका रूपमा प्रेमसम्बन्ध रहेको समयमा भएको परिवेशको स्थितिवर्णन र संज्ञानात्मक सन्दर्भका रूपमा मनका कुरा व्यक्त हुन नसक्नाले भौतिक सम्मिलन हुन नसक्नुको कारणलाई प्रस्तुत गरिएको छ।

**समस्याकथन** :

प्रस्तुत लेख सङ्कथन अध्ययनअन्तर्गतको काव्यिक गीति संरचनामा सन्दर्भको विश्लेषणसँग सम्बन्धित रहेको छ। मूलभूत रूपमा सङ्कथन अध्ययनमा भाषिक प्रकार्यको अध्ययन हुने र भाषाले के कस्तो सन्दर्भलाई कसरी प्रस्तुत गरेको छ भन्ने भाषिक प्रयोगका आधारमा सङ्कथनमा आएको सन्दर्भको विश्लेषणअन्तर्गत विवेचना गरिने विषय

हो । प्रस्तुत लेखको मुख्य समस्या “कालीपारे दाइ कति राम्रो” गीतको सन्दर्भको विश्लेषण रहेको छ। प्रस्तुत मुख्य समस्या र यससँग सम्बन्धित भएर आउने प्रमुख शोध्यप्रश्न निम्नानुसार रहेका छन् :

क. गीतमा वैयक्तिक सन्दर्भ केकस्तो रहेको छ ?

ख. गीतमा भौतिक सन्दर्भ कसरी प्रस्तुत भएको छ ?

ग. गीतमा संज्ञानात्मक सन्दर्भ प्रस्तुति केकस्तो छ ?

उपर्युक्त शोधसमस्यालाई शोध्यप्रश्नका आधारमा समाधान गर्नु यस लेखको मुख्य उद्देश्य हो । यस लेखमा सङ्कथन विश्लेषणका अन्य पक्षलाई छाडी गीतिसंरचनामा सन्दर्भ विश्लेषणको आधारभूत सैद्धान्तिक पक्षलाई केन्द्रविन्दुमा राखी कालीपारे दाइ कति राम्रो गीतको सन्दर्भको खोजी गरी अध्ययनलाई निष्कर्षसम्म पुऱ्याउनु यसको सीमाङ्कन रहेको छ।

**अध्ययन विधि** :

प्रस्तुत लेख पुस्तकालय कार्यसँग सम्बन्धित छ। अध्ययनको मुख्य समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ। प्राथमिक स्रोतको सामग्रीको रूपमा धर्मराज थापाद्वारा लिखित र तारादेवीद्वारा गाइएको “कालीपारे दाइ कति राम्रो” गीत रहेको छ। द्वितीयक सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीका लागि विभिन्न अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन्। सामग्री विश्लेषणका लागि मूलतः गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा समस्याको समाधानका लागि सङ्कथन अध्ययनअन्तर्गतको मुख्य समालोचना पद्धति सन्दर्भ विश्लेषणलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ। सामग्री विश्लेषणका लागि कृतिकेन्द्री अध्ययन पद्धतिको उपयोग गरिएको यस लेखलाई निष्कर्षमा पुऱ्याउनका लागि वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ।

**सैद्धान्तिक पर्याधार** :

सन्दर्भ विश्लेषण नवसमालोचनावादी भाषाकेन्द्री अध्ययन पद्धतिको एक अनुशासन हो। सङ्कथन अध्ययनअन्तर्गत भाषा र भाषिक सङ्केतव्यवस्थाले निर्माण गर्ने सन्दर्भ विश्लेषणको आधार मौखिक, लिखित वा साङ्केतिक अभिव्यक्तिले निर्माण गर्ने सन्दर्भको अध्ययन हो । सङ्कथनको तात्पर्य कथ्य, लेख्य र साङ्केतिक रूपमा अभिव्यक्त सारवाक्य वा सोभन्दा माथिका भाषिक एकाइ सङ्कथन हो । कुनै गम्भीर भाषण वा कुनै विषयमा भएको निश्चित लेखन, कुनै गम्भीर कुराकानी, कुनै पनि कथन वा लेखनमा जोडिएको भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ (गौतम, २०७६, पृ. ५७१) । भाषिक संरचनाको व्यवस्था अनुरूप वाक्य, प्रकरण वा सन्दर्भ, अनुच्छेद एवम्म् सिङ्गो पाठ नै सङ्कथन मानिन्छ र यसमा प्रयोग भएको भाषा र सन्दर्भका आधारमा अर्थ खोजी गरिने प्रक्रिया नै सङ्कथन विश्लेषण हो। सङ्कथन विश्लेषणको आधार प्रयोगमा रहेको कथ्य वा लेख्य भाषा भएकाले यसमा भाषिक अभिव्यक्तिहरूको सन्दर्भको अध्ययन हुन्छ। भाषिक सङ्केत व्यवस्थाभित्र वैयक्तिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक परिस्थितिलाई सम्बोधन गर्न प्रस्तुत गरिने विषयका आधारमा तिनलाई विभाजन गरी प्रत्येकको अर्थबोध गरी संज्ञानको तह मापन गर्ने प्रक्रिया सन्दर्भ विश्लेषण हो (बल्डिक, सन् २००६, पृ. ५०)। पाठात्मक संसारमा अभिव्यक्त सन्दर्भ मान्छे र उसको भूगोलसँग सम्बन्धित हुने भएकाले मौखिक, लिखित वा साङ्केतिक तहमा प्रयोग हुने भाषिक प्रयुक्तिहरूको समायोजन सङ्कथनमा कसरी हुन्छ र भएको छ ? भन्ने विषय यसको अध्ययन क्षेत्र हो । सन्दर्भ भाषिक प्रयोग कसले, कसरी र कुन रूपमा गरेको छ भन्ने प्रक्रियामा आधारित विषय हो। पाठ र पाठात्मक संसारको निर्माण सन्दर्भका आधारमा हुने तथा यसैले पाठलाई अर्थ्याउने भएकाले पाठमा विद्यमान सन्दर्भ र अर्थको पारस्परिक सम्बन्धनै सन्दर्भ विश्लेषणको विश्लेषणीय पक्ष हो । पाठ विविधतायुक्त संज्ञान र सन्दर्भको समायोजनबाट निर्माण हुने विषय रहेकाले यसले सङ्केत गरेका अन्तर्निष्ठ र बहिर्निष्ठ सन्दर्भलाई व्यक्ति, व्यक्तिको संज्ञान, सामाजिक प्रचलन, लोकविश्वास तथा मनोविज्ञानलाई आधार मानी तिनको निर्क्यौल गरिन्छ (कडन, सन् २०१३, पृ. १५५) । सन्दर्भ भाषिक सङ्केत व्यवस्थामै अन्तर्निर्भर रहने विषय रहेकाले यो भिन्न स्थिति, परिस्थिति र त्यसमा अभिव्यक्त दृष्टिकोण पनि फरक हुनेगर्दछन्। साहित्यमा भाषिक

प्रयोक्ताले निर्माण गरेको सन्दर्भ र त्यसका आधारमा आशयको खोजी हो। भाषिक प्रयुक्तिगत आशयको अभिव्यक्ति भाषाका माध्यमबाट हुने हुँदा सन्दर्भ विश्लेषण भाषापरक अध्ययन हो। सन्दर्भले पाठात्मक संरचनामा प्रतीकात्मक संसारलाई प्रतिनिधित्व गरेको हुन्छ। साहित्यले पाठसंसारको प्रतिनिधित्व गर्ने हुँदा साहित्यिक विधा आख्यान, कविता, नाटक, निबन्ध आदि लिखित सङ्कथनका रूपमा रहन्छन्।

पाठात्मक संसार काल्पनिक तथा वास्तविक संसारको विषय यथार्थपरक रहे पनि यी दुईबीचको सन्दर्भलाई परस्परमा जोडी कृतिको निहितार्थ खोजिन्छ। पाठसंसार घटना, कार्य र परिस्थितिमा निर्भर रहने हुँदा पाठले सिर्जना गर्ने सांसारिकताबाट कार्यकारण सम्बन्धका आधारमा अर्थको खोजी गरिन्छ। पाठमा अर्थको अवस्था सामान्यतः उपस्थित र अनुपस्थित, मूर्त र अमूर्त, यथार्थ र अयथार्थ, संभाव्य र असम्भाव्य हुने गर्दछ। 'सङ्कथनको सन्दर्भपरक विश्लेषण अन्तर्विषयक अध्ययन हो। यसको प्रवृत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ' (एटम, २०७४, पृ. २४१)। सङ्कथन विश्लेषणअन्तर्गत सन्दर्भ विश्लेषणमा संरचना, सम्बद्धता र पाठगत भाषिक रूपले सङ्केत गर्ने सन्दर्भको खोजी गरिन्छ। कुनै घटना, विषय, अवधारणाको कुनै निश्चित सन्दर्भबारे सूचना दिने खालका सङ्कथन एकाइका साथै सङ्कथन पाठमा पुरानो र नयाँ सूचना तथा तिनले सन्दर्भमा निहित निहितार्थ खोजी महत्त्वपूर्ण मानिन्छ। भाषिक प्रयोक्ताले सङ्कथनमा घटना र सहभागीका परिवेशका माध्यमबाट सन्दर्भ पद्धतिको निर्माण पनि गर्दछ र मानव मस्तिष्कले व्यावहारिक रूपमा अर्थ सञ्चरणको प्रक्रियामा सन्दर्भले बहुआयामिक भूमिका खेल्छ (भानडिज्क, १९९९, पृ. ५८९)। अधिकाधिक सन्दर्भ समायोजन भई पाठको संरचना निर्माण हुने तथा त्यसले परिस्थितिगत सन्दर्भले समेटेको प्रकार्यको पनि अध्ययन हुन्छ। कुनै पनि कृति वा सङ्कथन पाठमा प्रयोग भएको भाषिक रूपले जेजति सन्दर्भ परिवेशलाई तानेर ल्याउन सक्दछ, सङ्कथनको अर्थ पनि त्यहाँसम्म जानसक्दछ। सङ्कथन विश्लेषणमा भाषिक तथा गैरभाषिक पक्षको अध्ययन गरिन्छ जसलाई सन्दर्भपरक अध्ययन भनिन्छ (गौतम, २०७६, पृ. ५७३)। सन्दर्भ विश्लेषणमा मुख्य सन्दर्भ, आश्रित सन्दर्भका बीच केकस्तो सन्दर्भगत सम्बन्ध रहेको छ ? भन्ने बारेमा विशेष अध्ययन गरिन्छ। पाठमा सहभागी सन्दर्भ, भौतिक तथा संज्ञानात्मक आदि सन्दर्भको अध्ययन परिस्थितिको सन्दर्भपरक सङ्कथन विश्लेषणमा हुन्छ। भाषिक अभिव्यक्तिका रूपमा संक्षिप्त संरचना हुने (कविता, लघुकथा, गीत, गजल, मुक्तक) जस्ता पाठमा अनेक सन्दर्भलाई साङ्केतिक तथा कतिपय अवस्थामा बिम्बका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ। यसप्रकारका पाठको वास्तविक अर्थ सङ्केतमा प्रस्तुत भएका संज्ञानका आधारमा विस्तार हुने भएकाले पाठको विस्तारित अर्थ सन्दर्भका माध्यमबाट संज्ञानसम्म पुग्दछ (अब्राम्स, सन् १९९९, पृ. ४६)। सन्दर्भ पाठको बाह्य सम्बन्धको विश्लेषण सामाजिक संरचना, परिस्थिति वा परिघटनाका भाषाइतर विषयको अध्ययनसम्बद्ध हुन्छ। यसमा प्रयोगकर्ताहरूलाई एकअर्काबारे र सांसारिकताबारे के कति थाहा छ ? भन्ने कुरामा आधारित सन्दर्भलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ। संज्ञान सामाजिक, सांस्कृतिक सन्दर्भबाट व्यक्तिले आर्जन गर्ने जीवनको अनुभव हो जुन व्यक्तिनिष्ठ संज्ञानका रूपमा रहेको हुन्छ। खास सन्दर्भमा प्रयोग हुँदा भाषाको रूप र संरचनाले दिने विशेष अर्थलाई जेम्स पाउल गीले सिचुएटेड मिनिङ्ग वा निहितार्थ भनेका छन्। सङ्कथन पाठमा रहेका वाक्यको सम्प्रेषणात्मक प्रकार्यलाई पनि सन्दर्भकै रूपमा लिइन्छ। यस अध्ययनमा परिवेशसँग सम्बद्ध विविध सन्दर्भहरू र यिनै सङ्कथन विश्लेषणसम्बन्धी पर्याधारमा रहेर "कालीपारे दाइ कति राम्रो" गीतको सन्दर्भ विश्लेषण गरिएको छ।

## सामग्री विश्लेषण : प्राप्ति र छलफल

प्रस्तुत "कालीपारे दाइ कति राम्रो" शीर्षकको गीत नेपाली कालजयी सङ्गीतका क्षेत्रमा २०२० को दशकदेखि स्थापित, गायनमा समर्पित स्वरकिन्नरी तारादेवीको एकल आवाजमा रेडियो नेपालमा रेकर्ड भई अत्यधिक प्रसारणको कीर्तिमान हासिल गरेको र डिजिटल समयको मागअनुसार म्युजिक नेपालले ल्याएको तारादेवीका गीतहरू गीति एल्बममा सङ्कलित

भई श्रोतामाझ आएको लोकप्रिय गीति सङ्कथनका रूपमा रहेको छ। गायक धर्मराज थापा स्वयम् यस गीतका रचनाकार रहेका छन् भने सङ्गीतकार नातिकाजी हुन्। प्रेम प्रणय र व्यवहारिक धन्धाका अल्झनलाई भावाभिव्यञ्जना बनाइएको यस सङ्कथनमा नायिकाले प्रेमीलाई खोलानाला नाघेर, जोखिम झेलेर भए पनि भेटिहाल्ने कामना गर्दछे। जीवनको रङ्गमञ्चमा एक्लोपनको आभासले अत्यासिएकी समाख्याता नायिकाको एकालापीय अभिव्यक्तिका रूपमा प्रकट भएको मनोभावना साथै उनको प्रेमी र प्रेमप्रतिको दृष्टिकोणको त्रिपक्षीय विषयको अभिव्यञ्जना भएको छ। यस लेखमा सङ्कथन विश्लेषणअन्तर्गतको भाषाले संवहन गरेको सन्दर्भ र त्यसले निर्धारण गरेको पाठगत अर्थ र सन्दर्भका बीचको संसक्तिगत सम्बन्धले सृजना गरेको पाठको प्रारूपलाई भाषिक सन्दर्भका माध्यमबाट विवेचना गरिएको छ। गीत रचनाका क्रममा गीतकारले चयन गरेको भाषाले केकस्तो वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भलाई संरचनात्मक आयामभित्र समेटेको विषयलाई निम्नलिखित उपशीर्षकमा विश्लेषण गरिएको छ।

**गीतमा वैयक्तिक सन्दर्भ**

प्रस्तुत "कालीपारे दाइ कति राम्रो" गीति सङ्कथनमा सहभागीका रूपमा सम्बोधक/समाख्याता पुरूष पात्र र सम्बोधितका रूपमा तृतीय पुरूष 'कालीपारे दाइ' अर्थात् समाख्याताका प्रेमी रहेका छन्। यिनै सहभागीका बीचमा भएका वैयक्तिक सम्बन्धले समाख्याताामा अनुभव गराएका कारूणिक मानसिकता सिङ्गै संरचनामा वैयक्तिक सन्दर्भका रूपमा प्रसारित भएको छ। प्रस्तुत गीति सङ्कथनको वैयक्तिक सन्दर्भका रूपमा वियोगजन्य परिस्थितिले सृजना गरेको समाख्याताको मानसिक उद्वेलनलाई प्रस्तुत गरिएको छ भने वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा प्रेमको गहिरो भावनात्मक अनुभूति हुँदा पनि भौतिक परिस्थितिका कारण वियोग झेल्नु परेका अवस्था प्रमुख कारकका रूपमा प्रस्तुत भएका छन्। प्रस्तुत गीति सङ्कथनको भौतिक सन्दर्भ विभिन्न सूक्ष्म सन्दर्भको पारस्परिक अन्वयबाट भएको छ। गीतको स्थायी अर्थात् रहनी पहिलो पङ्क्तिमा गायनका क्रममा दोहोरिई एकालापी मनोवादात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत छ। कालीगण्डकी नदीका वारपार आँखाले हेर्दा देखिने ज्यानले चाहेर भेट नहुने, मनले प्रेमको गहिरो अनुभूतिमा तड्पिने प्रेमिकाको अवस्था रहेको सन्दर्भलाई गीतमा जीवन्त प्रस्तुति दर्साइएको छ। कालीपारि रहेको 'दाइ'सम्बोधनबाट पुकारिने प्रेमीले ढाकाटोपी र काँधमा गलबन्दीले सजिई राम्रो देखिएको व्यक्तित्वबाट सम्मोहित नायिकाका वैयक्तिक सन्दर्भलाई अनुरक्तिका रूपमा गीतमा दोहोरिई आइरहने रहनीबाट चित्रण भएको छ। समाख्याताले प्रेमिका स्वयमूलाई अभिव्यक्त हुन लगाई निःस्वार्थ प्रेममा सम्मिलनको तृष्णा र व्यग्रता एवम् प्रेमीको सान्निध्य खोज्ने र प्रेमकै खातिर समर्पणका लागि मानसिक रूपमा पूर्ण तयार रहेको देखाइएको छ। प्रेमिकाले भेटको पर्खाइमा जूनी बितेको, प्रेमीसित भेटेर जवानीका स्वर्णिम र उमङ्गमय क्षणलाई प्रेमको रङ्ले सिँगार्ने रहरमा कालीगङ्गामा आएको भेलको पर्वाह नगरी बयल खेल्दै पारि प्रेमी कहाँ पुगेको भौतिक परिवेशको निर्माण भएको छ। सुरूका अन्तराको अघिल्ला पंक्तिमा 'हातभरि फोहरा उठे जोर कोदाली खन्दा' भन्ने अभिव्यक्तिबाट समाख्याता नायिकाको असहज, श्रमसाध्य अनि कठोर भौतिक परिस्थितिको सन्दर्भ चित्रण गरिएको छ। समाख्याताको दृष्टिकोणमा प्रेमको भावनाले अन्यौंलग्रस्त मन के गरूँ, कता जाऊँ संशयमा रहेको, बल्लतल्लको भेटमा मन खोलेर प्रेमीलाई देखाउन नसक्दाको द्विविधाजन्य अभिवृत्तिले मानसिक सन्दर्भको पुष्ट्याइँ गरेको छ। 'बाढी आयो कालीगंगा कुनाकानी ठेल्दै' भन्ने तेस्रो पङ्क्तिले भौतिक अवस्था निकै जटिल र प्रतिकूल रहेको अनि'हजुरलाई भेटूँ भनी आ'को बयल खेल्दै' भनी समाख्याता प्रेम र प्रेमीप्रति अति नै समर्पित रहे पनि समाख्याता अर्थात् प्रेमिकाको द्विविधापूर्ण मनस्थितिलाई सम्हाल्ने प्रेमीको प्रतिबद्ध अभिव्यक्ति सङ्कथनमा आएको छैन। प्रस्तुत गीतको दोस्रो अनुच्छेद अर्थात् अन्तराका 'शिरमा लाउने शिरको टोपी पाउमा लाउने जुत्ता' भन्ने प्रथम पङ्क्तिमा प्रेमिकाको दृष्टि प्रेमीका पहिरनमा गहिरिएको सन्दर्भले प्रेम गर्नेका लागि आफूले प्रेम गरिएकाहरूसित निकटता राख्ने सामान्य विषयहरू विशेष लाग्ने कारण चित्रण भएको छ। दोस्रा पङ्क्तिमा 'मन त मेरो दोमन भयो यता जाऊँ कि उता' भन्ने अभिव्यक्तिबाट प्रेममन्त्रणलाई

नबुझ्फी आफ्नो दुनियाँमा लीन रहेको प्रेमीका कारण समाख्याता प्रेमिकाको मन द्विविधामा परेको तर अनुराग समाप्त नभइसकेको सन्दर्भ औंल्याइएको छ। प्रेमिकाले एकपक्षीय रूपमा आफ्ना अनभूतिुलाई व्यक्त गरेपछि प्रेमको कारण प्राप्त हुने सुखानुभूति नभएरै वियोगजन्य परिस्थिति र उक्त कारण निर्मित पीडा र वियोगको क्षण प्रस्तुत गरिएको छ। गीतका दोस्रो अनुच्छेदका पछिल्ला अन्तरामा पनि पहिलो अनुच्छेदकै सापेक्षतामा समाख्याताको मानसिकताको उत्प्रेरकका रूपमा वियोगको अवस्था रहनु साथै प्रेमीबाट अपेक्षाकृत प्रेम प्रदर्शनका प्रतिक्रिया नदेखाएको,आफू स्वयम्ले पनि आकर्षण र उद्वेलनात्मक अनुभूति व्यक्त गर्न नसकेका हुनाले तत्जन्य परिस्थितिलाई निम्न हरफहरूमा अभिव्यक्त गरिएको छ -

खेतीपाती नै र हुने ठूला रूखमुनि
मनको कुरो मनमै र'नि जैलेसुकै पनि

यी गीति पङ्क्तिमा मनले चाहना गरेका कुरा व्यक्त गर्नै नसकी मनभित्रै उकुसमुकुस हुँदाका आहत परिस्थिति मानसिक सन्दर्भ भई मुख्य प्रेरक र कारकका रूपमा सान्दर्भित भएर आएका छन्। दृष्टान्त रूपमा ठूला रूखमुनि खेतीपाती नहुने व्यावहारिक सन्दर्भको उल्लेखबाट स्वाभाविकता दर्साई जैलेसुकै पनि मनपरेका व्यक्तिका सामु संकोचले खुम्चिई मनको कुरो खोल्न नसक्दा मनमै र'नि विवशतामा नायिका रहेको सन्दर्भ चित्रण सशक्त भएको छ। हमेशा प्रेमीका प्रतिको अनुरागले मन विभोर भैरहेको अनि यही सन्तापमा आहत रहेर बस्न अभ्यस्त बनेको सन्दर्भलाई प्रस्तुत गरी गीत टुङ्ग्याइएको छ। आफ्नो मनमा प्रेमीलाई सर्वश्व सम्झिई दीर्घ प्रतीक्षामा रहेको तर समाख्याताको मिलनको क्षणमा प्रेमिल भाव प्रकटको आकाङ्क्षा सङ्कुचाउनाले अव्यक्त भई असामञ्जस्यको स्थिति कायम रहेको मानसिक सन्दर्भलाई प्रस्तुत गीतमा समेटिएको छ।

**गीतमा भौतिक सन्दर्भ**

सङ्कथन संरचनामा भौतिक सन्दर्भले समाख्याता वा उसले देखेको, भोगेको, अनुभव वा व्यवहार गरेको भौतिक परिवेश अर्थात् देश, काल परिस्थिति, संरचनामा व्यतित गरेको समय, अनुभव, अनुभूति, शारीरिक अवस्था, मानसिक स्थिति, अभिव्यक्तिका क्रममा समाख्याताले व्यतित गरेको समय, पाठ रचना भएको समय, समाख्याताले बिताएको समय, त्यस समयमा घटित घटनाक्रमले सृजना गरेको भौतिक, मानसिक, तथा सामाजिक/सांस्कृतिक अभिवृत्तिको समग्र रूपको प्रतिनिधित्व गरेको हुन्छ। पाठमा परिस्थितिगत सन्दर्भ (आफ्नो वरिपरिको वस्तुवारे प्रयोक्तालाई के थाहा छ ? भन्ने विषयमा पाठमा समेटिएको परिवेश, स्थान, समय, अवस्था, दृश्य वा स्थिति भौतिक सन्दर्भ हो। पाठमा प्रयोग भएको भाषिक संरचना यही सन्दर्भमा अर्थिन्छ। पाठमा संलग्न सहभागीहरूले भौतिक सन्दर्भको उपयोग गरेका हुन्छन् (गौतम, २०७८, पृ. ५७६) भौतिक सन्दर्भले समाख्याता/सम्बोधकले प्रस्तुत गर्न खोजेको स्थानिक, कालिक र परिस्थितिगत अवस्थालाई बोध गराउँछ भने यसको विश्लेषणले समाख्याताले सूचना दिन खोजेको परिवेश र त्यस परिवेशममा अन्तर्निहित समय र स्थितिको सूक्ष्म विवेचनाका लागि थप सहयोगी सिद्ध रहने गर्दछ। प्रस्तुत गीति सङ्कथनमा समाख्याताले कल्पना गरेको प्रेमको सुन्दर संसार कालीगंगाको पारि रहेको, बाढी र भेलसित जुइदै त्यो संसारका प्रेमीकहाँ पुगेको सन्दर्भ 'हजुरलाई भेटूँ भनी आ'को बयल खेल्दै' भनी अभिव्यक्त छन्। वहाँ पुग्नलाई र प्रेमको संसारमा रमाई रहनलाई पनि अर्मपर्ममा नारिएर जोर कोदाली खन्दै बारी पाखामा श्रम गर्न र घर व्यवहारका अलमलको बाध्यता भएको, भेटिहाल्ने मन भएर पनि संजोग नजुरेको सन्दर्भ प्रस्तुत छ। परिस्थितिले प्रेम र प्रेमीलाई नै परपर रहनुपर्ने बाध्य गराएको, प्रेमको बाटोमा भेलबाढी लगाएको भन्ने विषयको संज्ञानजन्य परिस्थितिलाई सन्दर्भीकृत गरेको छ। यस गीति सङ्कथनको सांसारिकता अदृष्य अर्थात् मानसिक र दृष्यात्मक अर्थात भौतिक दुवै अवस्था र तात्कालीक समयमा भएको छ। समाख्याताको प्रेमीप्रति रहेको आकर्षणयुक्त प्रेमसम्बन्धको एकाङ्गी अनुभूतिलाई पूर्वपीठिकामा राखिएको छ। मानसिक जगत र तात्कालिक भौतिक परिवेशमा भएका क्रियाकलापको वर्णनात्मक अवस्थालाई र एकलापी कथनका माध्ययमबाट प्रस्तुत गरेको समाख्याताले प्रेमसम्बन्ध कहिले, कहाँ, कसरी,

किन, स्थापित भयो ? भन्ने कारण भने खुलाएको पाइँदैन । आशक्त भएर प्रेमिकाले सम्झनामा सजाएको पुरूष 'दाइ' भनी सम्बोधित हुनाले ती प्रेमीप्रेमिका हुन् या अन्य नाता उनीहरूबिच रहेको हो अन्यौंल हुन्छ। तथापि कालीगण्डकी प्रवाह क्षेत्रमा बसोबास रहने जनजाति तथा मंगोल र ठकुरी समुदायमा मामा चेला-फुपू चेली दाजु बहिनी सम्बोधन रहे पनि घरजम हुने प्रचलनलाई गीति सन्दर्भमा प्रेमीप्रेमिकाका रूपमा प्रस्तुत गरिएको बुझिन्छ। जीवनमा घटेका घटनालाई वर्तमानीकरण गरी प्रस्तुत गरिएको यस सङ्कथनमा समाख्याताले मनोवादात्मक कथनका माध्यमबाट आफ्नो अवस्थालाई एकालापी रूपमा अभिव्यक्त गर्दा जहिल्यै मनको कुरा खोल्न नसकी मनैमा रहेका भनिने सन्दर्भले नायिका हतास मनस्थितिमा रहेको र उनीहरूको मिलनको सम्भावनामा संकोचपनाले व्यवधान गरिरहेको अवस्थालाई पुष्टि गरेको छ ।

**गीतमा संज्ञानात्मक सन्दर्भ**

ज्ञान सन्दर्भपरक हुन्छ दैनिक व्यवहारमा प्रयोग हुने एउटै सन्दर्भसम्बद्ध कार्यले पनि फरकफरक अर्थ दिन्छन्। ज्ञान समुदायद्वारा नियमित प्रक्रिया, पूर्वकल्पना वा अनुमानको रूपमा स्वीकार गरिएको हुन्छ यही नियमित प्रक्रिया पूर्वकल्पना वा अनुमान नै सङ्कथन र ज्ञानका बीचको आधारभूत सम्बन्ध हो । ज्ञान प्राकृतिक वा औपचारिक भाषामा अभिव्यक्त गरिने विचार वाक्यका रूपमा प्रतिनिधित्व गराइएका वा व्याख्या गरिएका हुन्छन् । प्रयोक्ताहरूलाई एक अर्काबारे र संसारिकता बारे के थाहा छ ? भन्ने कुरामा आधारित सन्दर्भलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ। संज्ञानात्मक सन्दर्भ भनेको जीवन अनुभव हो जुन साँस्कृतिक सन्दर्भबाट व्यक्तिले आर्जन गरेको हुन्छ वा अवैयक्तिक रूपमा व्यक्तिनिष्ठ संज्ञानका रूपमा रहेको हुन्छ (गौतम, २०६८, पृ.४७४) । प्रस्तुत सङ्कथन संरचनामा मुख्य सहभागीका रूपमा प्रेमका उछालकुद भावनाहरूले सताइएकी प्रेमिका युवती र उसका प्रेम आरोपित युवकको उपस्थिति रहेको छ। सहभागीको सम्बन्ध जैविक निर्मितिअनुसार विपरीत लिङ्गी, लैङ्गिक व्यवस्थाअनुसार पुरूष र महिला तथा सामाजिक सम्बन्धअनुसार प्रेमी/प्रेमिकाका रूपमा प्रस्तुत गरिएको छ। गीतमा प्रेमीको सान्निध्य र परिणय संवादका लागि उत्सुक युवती प्रेमिकाको मानसिक अवस्थालाई एकालापी रूपमा समाख्याताले प्रस्तुत गरेको छ भने युवकको उपस्थिति मञ्चीय रूपमा भएको छैन। प्रेम र आकर्षण के हो ? भन्ने संज्ञान दिएर नायिकालाई अनुरागमा बहकिएको देखाइए पनि प्रेमी युवकको भने सम्बन्ध जोड्नुमा रूचि नरहनाको या नदेखिनाको कारण भने खुलाइएको छैन । नेपाली परिवेशमा प्रेम सम्बन्धमा आबद्ध रहने प्रेमजोडीको साकार सम्वन्ध कमैले मात्र निर्वाह गर्न अनुकूल रहने सामाजिक वा सांस्कृतिक निर्मितिका कारण समाख्याता प्रेमीसित मनले इच्छाए जसरी भेटघाटमा रहन कठिन रह्यो वा समाख्यातामा नै कमजोरी थिए भन्ने सन्दर्भको खोलुवा गीतमा गरिएको छैन। तर पनि नेपाली समाजमा अवशिष्ट सामाजिक सांस्कृतिक निर्मितिलाई बुझ्न नसक्नु तथा उक्त निर्मितिले निर्माण गरेको मान्यतालाई आत्मसात गर्न नसकेको कारणले पनि प्रेमको स्वप्निल रहर बुन्ने नायिकाले तड्पन र प्रेमीदेखि टाढिनुपर्नाका कारण सकस बेहोर्नु परेको अनुमान गर्न सकिन्छ। प्रेमीप्रेमिका टाढाटाढै रहेर पनि समाख्याताको मानसिकतामा प्रेमीसित मिलापको व्यग्र उत्कण्ठा रहनाले असामञ्जस्यको स्थिति कायमै रहेको संज्ञान पाठ/श्रोता समक्ष प्रस्तुत भएको छ। प्रेमको भावना मनमा राखेकी प्रेमिकालाई सम्बन्धमा व्यवधान जसरी मनका संकोच र प्रेमीले देखाएको शुष्क उदासिनता मानसिक सन्दर्भका रूपमा प्रस्तुत छ।

**निष्कर्ष**

गायिका तारादेवी वि.सं.२०२० को दशकतिर रेडियो नेपालको पहुँचका माध्यमबाट सुगम सङ्गीतको क्षेत्रमा स्थापित गायिका हुन् । उनका एकल आवाजमा स्वराङ्कित गीतहरूको सँगालो तारादेवीका स्वरहरू गीति एल्बमभित्र रूपमा यस गीतको स्वराङ्कन भएको छ। जनकवि केशरी धर्मराज थापाको रचना र नातिकाजीका सङ्गीतमा गाइएको यस गीति सङ्कथनले समाख्याताको मनोवादात्मक एकालापी गायनका रूपमा संरचनात्मक स्वरूप प्राप्त गरेको छ । समाख्याता अर्थात् नायिकालाई अचाक्ली मन परेका नायक अन्तै परपरै हुनाले गरेकी प्रेमिकासँगको प्रेम सम्बन्धको अवधि र उक्त अवधिमा भएका क्रियाकलाप तथा प्रेम सम्बन्धलाई

दुर्घटित तुल्याउनका लागि प्रेमिकाले गरेका गतिविधिलाई प्रमुख सन्दर्भका रूपमा उठान गरेका छन्। सङ्कथन अध्ययन भाषाले संवहन गरेको सन्दर्भका आधारमा पाठमा अवशिष्ट अर्थ निर्धारण गर्ने समालोचना पद्धति भएकाले भाषिक प्रकार्यले तानेर ल्याउने अर्थात् भाषाले बोक्न सक्ने अर्थको समग्र रूपलाई सन्दर्भ भनिन्छ। सन्दर्भ विश्लेषण सङ्थन अध्ययनको एउटा प्रमुख अध्ययन पद्धति हो र यस पद्धतिले पाठमा प्रयुक्त भाषिक संरचनाका आधारमा लेखकीय पाठकीय र सामाजिक वा सांस्कृतिक अभिवृत्तिलाई अर्थापन गरेको हुन्छ। स्रष्टा वा सम्बोधकले सृजनामार्फत् चयन गरेको सहभागीका वैयक्तिक, मनोभाव, मनोदशा, विचार वा दृष्टिकोण प्रस्तुत गरेको हुन्छ। प्रस्तुत गीति सङ्कथनमा वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा प्रेमिकाले प्रेमीको प्रतिक्रिया र मनस्थिति नबुझ्दा परेको अनमनस्क मानसिकता र प्रेरकका रूपमा आफ्नो प्रेमलाई अभिव्यक्त गर्न नसके पनि संकोचले खुम्चिई बस्दा समेत आफ्ना लागि गहिरो प्रेम गर्ने नायिकाको मनस्थितिबारे बेखबर नायक रहेका छन्। प्रेमका अनुभूतिलाई अभिव्यक्ति दिन नसक्दा प्रेमिल रहरहरूले मनभित्र गुम्सिनु परेको असामञ्जस्यको स्थिति रहेको भावलाई गीतमा सन्दर्भसँग सम्पृक्त गराइएको छ। गीतमा भौतिक सन्दर्भका रूपमा प्रेम सम्बन्ध भएका प्रेमी-प्रेमिकाले मिलापका यत्नस्वरूप गर्ने क्रियाकलाप र वियोगपछिको अवस्थालाई प्रस्तुत गरिएको छ। यस गीतमा संज्ञानात्मक सन्दर्भका रूपमा कुनै पनि सामाजिक/सांस्कृतिक कारण बिना नै एक्लो र उदास समाख्याताको मानसिकतामा रहेको उद्वेलनको प्रभावकारी चित्रण भएको छ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र सम्पा. (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।

गौतम, देवीप्रसाद (२०७६). 'सङ्कथन विश्लेषण' *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार २०७६, पृ. ५७१-५९१।

गौतम, देवीप्रसाद, 'गीति संरचनाको सङ्कथन विश्लेषण' *रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड,* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार, २०६८, पृ. ४७३-४८१।

Abrams, M. H. (1999). *A glossary of Literary term* (7th ed.), Heinel and Heinel.

Baldick, C. (2001). *The Concise Oxford Dictionary of Literary Terms* (2nd ed.), Oxford University Press.

Cuddan, J. A. . (2013). *Dictionary of Literary Terms & Literary Theory.* (5th ed.), Wiley-Blackwell.

Gee, James Paul (1999). "Discourse Analysis". *An Introduction to Discourse Analysis : Theory and Method,* (2nd ed. ) Routledge . 1999, Pp. 97-117.

Taradevi Ka Geet Haru | Timrai Pauharuma | Kalipare Dai Kati Ramro | Amar Maya | Yati Thulo Sansarma.

Van, Dijk, Teun. A. (2006). "Discourse and Knowledge". In *The Routledge Handbook oF Discourse Analysis.* (Edt.), Gee, James Paul and Michale Handford, Routledge.